# द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७६

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. ५ बुटवल ।

**"द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७६"**

__प्रस्तावना :__ प्रदेश नं. ५ भित्रका का द्वन्द्वबाट प्रभावित नागरिकलाई उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सीप बिकास तथा क्षमता अभिबृद्धि तालिम प्रदान गर्ने कार्य संचालन तथा व्यवस्थापन गर्नका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले यो निर्देशिका बनाएको छ।

१. __संक्षिप्त नाम र प्रारम्भः__ (१) यो निर्देशिकाको नाम "द्वन्द्व प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७६" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त लागु हुनेछ ।

(३) यो निर्देशिका प्रदेश नं. ५ भर लागु हुनेछ ।

२. __परिभाषा :__ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

क) **"द्वन्द्व प्रभावित"** भन्नाले २०५२ फागुन १ गते देखि २०६३ मंसिर ५ गतेसम्म चलेको सशस्त्र द्वन्द्वबाट मृत्यु भएका र वेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते, अपांगता भएका व्यक्ति तथा नीजका परिवारलाई सम्झनुपर्छ ।

ख) **"दुर्गम जिल्ला"** भन्नाले रोल्पा र रुकुम (पूर्वी भाग) जिल्लालाई सम्झनुपर्छ ।

ग) **"मन्त्रालय"** भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

घ) **"संस्था"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई प्रशिक्षण कार्य गर्ने अनुमती वा स्वीकृति पाएका संस्थाहरु सम्झनुपर्छ ।

ङ) **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका र उपमहानगरपालिका र जिल्ला समन्वय समिति समेतलाई सम्झनुपर्छ ।

**३.** __उद्देश्यः__ (१) द्वन्द्वबाट प्रभावित नागरिकलाई उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सीप बिकास तथा क्षमता अभिबृद्धि तालिम प्रदान गरी क्षमता अभिवृद्धि गर्ने,

(२) उपदफा (१) बमोजिमको तालिम प्राप्त गरेका द्वन्द पिडित नागरिकहरुलाई स्वरोजगारको लागि सीप अनुसारको सामाग्री प्रदान गर्ने ।

४. __निर्देशक समितिको गठनः__ (१) सम्झौता अनुसार तालिम संचालनको जिम्मेवारी प्राप्त संस्थाको काम कारवाही अनुगमन तथा मूल्याङ्कन गर्न र आवश्यक निर्देशन प्रदान गर्न निम्नानुसारको समिति गठन गरिने छ ।

क) मा. मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -अध्यक्ष

ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

घ) प्रमुख, प्रशासन तथा योजना महाशाखा -सदस्य

ङ) प्रमुख, सुरक्षा समन्वय महाशाखा -सदस्य सचिव

५. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार:** (१) प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिको सिफारिस बमोजिम प्रस्ताव स्वीकृत गर्ने वा पुनर्विचार गर्नका लागि प्रस्ताव छनौट समितिमा फिर्ता पठाउने ।

(२) सम्झौता अनुसार काम भए नभएको विषयमा अनुगमन/मूल्याङ्कन गरी समय समयमा निर्देशन दिने । सम्बन्धित तालिम प्रदायक संस्थाहरुले उक्त निर्देशनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(३) प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिलाई समय समयमा आवश्यक निर्देशन दिने ।

६. **तालिमका क्षेत्रहरु :** (१) आवश्यकता र औचित्यताका आधारमा मन्त्रालयले निम्न किसिमका तालिम संचालन गर्न सक्ने छ ।

| तालिमको प्रकार | समय | कैफियत |
|---|---|---|
| ड्राईभिङ तालिम | ३० दिन | |
| सिलाई कटाई बुनाई तालिम | ६० दिन | |
| हाउस वायरिङ तालिम | ६० दिन | |
| ब्यूटी पार्लर तालिम | ४५ दिन | |
| प्लम्विङ्ग तालिम | ४५ दिन | |
| कुसन तथा खेलौना बनाउने तालिम | ४५ दिन | |
| निर्देशक समितिले आवश्यक ठानेका अन्य तालिमहरू | | |

७. **तालिमको सूचना प्रकाशन तथा निवेदन संकलन:** (१) तालिममा सहभागीताका लागि मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना जारी गर्नेछ । सो सूचना सञ्चार माध्यमबाट पनि प्रचार प्रसार गरिनेछ ।

(२) तालिममा सहभागी हुन चाहने व्यक्तिले उपदफा (१) बमोजिम जारी भएको सूचनाको म्यादभित्र अनुसूची- बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) यसरी प्राप्त भएका निवेदन छनौटका मापदण्ड बमोजिम प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिले प्रशिक्षार्थी छनौट गर्नेछ ।

८. **प्रशिक्षार्थी छनौटका मापदण्ड:** (१) प्रशिक्षार्थी छनौटका मापदण्ड देहाय बमोजिम हुनेछन् :

| **क्र.स.** | **विवरण** | **अंक भार** |
|---|---|---|
| १ | भौगोलिक क्षेत्र | २५ |
| २ | परिवारमा कुनै पनि सदस्यको रोजगारी नभएको | ३५ |

| | | |
|---|---|---|
| ३ | यसपूर्व कुनै किसिमको तालिम नलिएको | २० |
| ४ | दलित, जनजाति, अपाङ्ग र महिला भएमा | २० |
| | **जम्मा** | **१००** |

(२) उपदफा (१) को क्र.सं. १ को प्रयोजनको लागि प्रशिक्षार्थि छनौट गर्दा अनुसूची-४ बमोजिमको अंक प्रदान गरिनेछ ।

९. **<u>प्रस्ताव पेश गर्ने संस्थाहरुको लागि सूचना तथा प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु :</u>**

(१) तालिम प्रदायक संस्थाहरूका लागी प्रस्ताव पेश गर्नका लागि मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना जारी गर्नेछ ।

(२) सूचना जारी भए पश्चात सूचनामा तोकिएको म्याद भित्र प्रस्ताव पेश गर्नु पर्ने छ ।

(३) तालिम प्रदायक संस्थाहरुले तालिम प्रदान गर्न प्रस्ताव पेश गर्दा निम्न बिवरणहरु संलग्न हुनुपर्नेछ ।

(क) संस्थाको विधान

(ख) दर्ता प्रमाणपत्र

(ग) नविकरण गरेको प्रमाणपत्र

(घ) अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र

(४) उपदफा (३) बमोजिमका कागजातहरू संलग्न नगरिएका प्रस्तावहरूलाई छनौट प्रकृयामा समावेश गराइने छैन ।

१०. **<u>तालिम सञ्चालन गर्ने संस्थाको छनौट प्रकृया:</u>** तालिम सञ्चालन गर्ने संस्था छनौटका आधार देहाय बमोजिम हुनेछ :

| **क्र.स.** | **विवरण** | **अंक भार** |
|---|---|---|
| १ | आफ्नो उद्देश्य अनुसारको काम गर्न आवश्यक पूर्वाधार भएको | ३० |
| २ | संस्थाको जनशक्तिको योग्यता तथा अनुभव | ३० |
| ३ | न्यूनतम लागतमा तालिम तथा सेवा उपलब्ध गराउने | ४० |
| | **जम्मा** | **१००** |

११. **<u>प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिको गठन:</u>** दफा १० मा उल्लेखित मापदण्डहरुका आधारमा तालिम प्रदान गर्ने संस्थाको छनौट को लागि निम्नानुसारको समिति रहने छ ।

क) प्रमुख, सुरक्षा समन्वय महाशाखा,आन्तरिक मामिला तथा कानुन मन्त्रालय -संयोजक

ख) प्रमुख, प्रशासन तथा योजना महाशाखा, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य

ग) अधिकृत प्रतिनिधि,आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

घ) प्रमुख, आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा कानुन मन्त्रालय -सदस्य

ङ) प्रमुख, शान्ति सुरक्षा शाखा -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित बढीमा तीन जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**१२. <u>प्रस्ताव छनौट समितिको काम, कर्तव्य र अधिकारः</u>**

(१) दफा ७ (१) वमोजिम पेश भएका निवेदनहरू को सम्बन्धमा आवश्यक छानबीन गरी दफा ८ बमोजिमको मापदण्डका आधारमा प्रशिक्षार्थी को छनोट गरी निर्देशक समिति समक्ष सिफारिस सहित पेश गर्ने ।

(२) पेश भएका शिलबन्दी प्रस्ताव खोली दफा ९ को उपदफा (३) बमोजिमका कागजात भए नभएको जाँच गर्ने ।

(३) दफा ९ को उपदफा (३) बमोजिमका कागजातहरू संलग्न भएका प्रस्तावहरू छनौटका लागि प्रकृया अगाडि बढाइ मूल्याङ्कन गर्ने र आवश्यक कागजात संलग्न नभएका प्रस्तावहरू छनौट प्रकृयामा समावेश नगर्ने ।

(३) छनौट प्रकृयामा समावेश भएका प्रस्तावहरू मूल्याङ्कन गरि छनौट गर्ने ।

(४) छनौट भएका प्रस्तावहरूलाई निर्देशक समिति समक्ष सिफारिस गर्ने ।

(५) मन्त्रालय तथा निर्देशक समितिले समय समयमा दिएका निर्देशन अनुसारका काम गर्ने।

**१३. <u>सम्झौता गर्नेः</u>** (१) दफा ५ को उपदफा (१) बमोजिम स्वीकृत भएका प्रस्तावका प्रस्तावकहरु सँग मन्त्रालयले निश्चित समयका लागि अनुसुची-१ को ढाँचामा सम्झौता गर्नेछ ।

**१४. <u>सम्झौता रद्ध गर्न सकिनेः</u>** सम्झौता बमोजिम कुनै तालिम प्रदायक संस्थाले सम्झौता अनुसारको मापदण्डअनुसार तालिम प्रदान नगरेमा र निर्देशक समितिको निर्देशन पालना नगरेमा मन्त्रालयले सम्झौता रद्ध गर्न सक्नेछ ।

**१५. <u>रकम निकासा र कार्यप्रगति विवरणः</u>**

(१) स्वीकृत रकम सम्झौता भएपछि शुरुमा बढिमा ३३ प्रतिशत रकम पेश्की दिन सकिनेछ, कार्य सम्पादनको प्रगतिको आधारमा दोस्रो किस्ता वापत पहिलो किस्ताको पेश्की रकम कटौती गरी बिलको बाँकी ३३ प्रतिशत सम्म रकम भुक्तानी गरिनेछ  कार्यसम्पन्न भई सम्पुर्ण विल भरपाईहरु तथा प्रतिवेदन मन्त्रालय समक्ष पेश भएपछि मात्र विल र सम्झौता बमोजिम बाँकी रकम भुक्तानी गरिनेछ ।

(२) मूल्याङ्कन तथा सिफारिस समितिले कार्यक्रम संचालनको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) तालिम प्रदायक संघसंस्थाले आफुले गरेको कार्यको प्रमाण पुग्ने सामाग्री सहित कार्यप्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(४) रकम निकासा तथा भुक्तानी सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरिद ऐन,२०६३ तथा सार्वजनिक खरिद नियमावली,२०६४ बमोजिम हुनेछ ।

१६. **<u>प्रतिवेदन पेश गर्नुपर्ने:</u>** (१) छनौट समितिले आर्थिक वर्षको अन्त्यमा प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) तालिम प्रदायक संस्थाले अन्तिम भुक्तानीका लागि निवेदन दिँदा कार्यप्रगति प्रतिवेदन संलग्न गरी मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

१७. **<u>तालिम र सामाग्री बितरण सम्बन्धी व्यवस्था:</u>** (१) तालिम प्रदान गर्नको लागि आवश्यकता र औचित्यताको आधारमा निर्देशक समितिद्वारा उपयुक्त स्थान छनौट गरिनेछ ।

(२) प्रत्येक तालिममा बढीमा २५ जना प्रशिक्षार्थी छनौट गरिनेछ ।

(३) स्वरोजगारमूलक तालिम सम्पन्न भएपश्चात प्रशिक्षार्थिहरुलाई स्वरोजगारमूलक सामाग्री तथा वस्तु वितरण गर्दा एकै किसिमको तालिम लिई एकै किसिमको ब्यवसाय गर्न चाहने ब्यक्तिहरुका लागि सामूहिक रुपमा त्यस्ता सामाग्रीहरु बितरण गर्न सकिनेछ ।

१८. **<u>प्रशिक्षार्थी सम्बन्धी व्यवस्था:</u>** तालिमको प्रकृति अनुरुप आवासीय तालिमको व्यवस्था गर्न सकिनेछ । आवासीय व्यवस्था तालिम प्रदायक संस्थाबाट २० कि.मी टाढाको दुरीमा बसोबास गरेकालाई उपलब्ध गराइनेछ । सो को लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५" बमोजिम हुनेछ ।

१९. **<u>विविध:</u>** एकै परिवारका एकभन्दा बढि उम्मेदवार भएमा एकजनाले मात्र सो तालिममा भाग लिन पाउनेछ । तर, उम्मेदवारको संख्या पच्चीस भन्दा कम भएमा एकै परिवारका अन्य सदस्यले पनि तालिममा भाग लिन पाउनेछन् ।

२०. **<u>संसोधन एंव हेरफेर:</u>** मन्त्रालयले आ.मा. तथा योजना मन्त्रालयको सहमति लिई आवश्यकता अनुसार कार्यविधिमा संसोधन तथा हेरफेर गर्न सक्ने छ,

२१. **<u>खारेजी र वचाउ:</u>** यो कार्यवधि लागु हुन पूर्व यस कार्यक्रम एंव सम्बन्धित कार्यान्वयन गरिएका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।साथै द्वन्द्व प्रभावित व्यक्ति र आश्रित परिवारलाई स्वरोजगारका लागि मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्ने निर्देशिका, २०७६ खारेज गरिएको छ ।

## <u>अनुसुची - १</u>

**करार सम्झौता**

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ५, बुटवल

आन्तरिक मामिला तथा कानून मन्त्रालय र ..................... बिच द्वन्द्व प्रभावित व्यक्तिहरूलाई तालिम उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र ।

हामि यस सम्झौताका दुइ पक्ष प्रदेश सरकार, प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बुटवल नेपाल (यसपछि यस लिखतमा प्रथम पक्ष भनिएको, र ..................................( यसपछि यस लिखतमा दोस्रो पक्ष भनिएको, का बीचमा तल लेखिएका शर्तका आधारमा यो करार गर्न मन्जुर भई दुवै पक्षले सहि छाप गरी एक/एक प्रति बुझि लियौं र दियौं ।

(क) स्वरोजगार बन्न चाहने द्वन्द्व प्रभावित व्यक्तिहरुलाई मन्त्रालयले तोकेको तालिम दोस्रो पक्षले उपलब्ध गराउनु पर्ने छ ।
(ख) यस्तो तालिम यसै आर्थिक वर्ष भित्र गरिसक्नुपर्नेछ ।
(ग) दोश्रो पक्षले नियमानुसार हिसाब किताब राखी अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।
(घ) तालिम सँग सम्बन्धित सामाग्री खरिद गर्दा दोश्रो पक्षले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम खरिद गरी उपलब्ध गराउनुपर्नेछ ।

| <u>प्रथम पक्षको तर्फबाट</u> | <u>दोस्रो पक्षको तर्फबाट</u> |
|---|---|
| आन्तरिक मामिला तथा कानून | ........................... |
| मन्त्रालय प्रदेश नं. ५, बुटवल | नामः |
| नामः | |
| पदः | पदः |

साक्षीहरूः
१.
२.

इति सम्बत २०७६ साल महिना गते रोज शुभम् ।

नोटः आवश्यकता अनुसार दुवै पक्षको सहमतिले करारका शर्तहरू थपघट हुन सक्नेछन् ।

## अनुसूची — २

(तलिम सञ्चालन अनुमतिका लागि दरखास्त )

१. संस्थाको नाम र ठेगाना :

२. दर्ता नं. र दर्ता गरेको निकाय :

३. तालिम दिन चाहेको क्षेत्र/विषय :

४. तालिम सञ्चालन गर्ने स्थान र मिति :

५. तालिम सञ्चालन गर्न आवश्यक पर्ने स्रोतको व्यवस्था :

६. तालिम दिने प्रशिक्षकको :

| नाम | ठेगाना | योग्यता | अनुभव | तालिम दिनेक्षेत्र/विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

७. हालसम्म तालिम सञ्चालन गरेको छ /छैन ।

८. छ भने कस्तो किसिमको तालिम हो खुलाउने :

९. तालिम सञ्चालन गर्दा लाग्ने लागत :

१०. निवेदनसंग संलग्न गरिएका संस्थाको आधिकारिकतासँग सम्बन्धित कागजातहरु र अन्य कागजातहरु :

(क)

(ख)

(ग)

(घ)

निवेदकको :—

सम्पर्क व्यक्तिको नाम र दस्तखत :

संस्थाको नाम :

फ्याक्स नं. :

ठेगाना :

सम्पर्क नं. :

वेबसाईट :

ईमेल :

संस्थाको छाप :

## अनुसूची — ३

### तालिम लिन चाहने ब्यक्तिले भर्ने

यस मन्त्रालयबाट ......... कार्यक्रम अन्र्तरगत स्वरोजगार तालिमका लागि मिति ........... को पत्रिकामा जारी भएको सूचना बामोजिम तालिम लिन ईच्छुक भएकोले माग भएको देहाय बमोजिम को विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. नाम :

२. ठेगाना :

३. द्वन्द पिडितको प्रकार र प्रमाण कागजात

४. तालिम लिन चाहेको क्षेत्र/विषय :

५. तालिम लिन चाहेको स्थान र मिति :

६. हालसम्म कुनै तालिम लिएको छ /छैन :

७. छ भने कस्तो किसिमको तालिम हो खुलाउनु होस् :

८. निवेदनसंग संलग्न गरिएका सम्बन्धित कागजातहरु र अन्य कागजातहरु :

(क)

(ख)

(ग)

(घ)

९. सम्पर्क नं. :

## अनुसूची –४

दफा ५ को उपदफा १ सँग सम्बन्धित

छनौट समितिले द्वन्द प्रभावित हरुको स्थायी बसोबासको आधारमा निम्नानुसार अंक प्रदान गर्न सक्नेछ ।

| सि.नं. | जिल्ला | अंक |
|---|---|---|
| १ | रुकुम पूर्ब | २५ |
| २ | रोल्पा | २२ |
| ३ | गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, बर्दिया | १८ |
| ४ | बाँके, दाङ कपिलबस्तु, नवलपरासी पश्चिम, रुपन्देही | १५ |